# समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)
# सन् २००८ देखि २०१० का लागि कार्यनितिक अवधारणापत्र

## पृष्ठभुमी

सिविस स्थापनाको झण्डै डेढ दशक पुरा गर्न लागिरहेको यस अवसरमा हामीले हाम्रो कार्यक्रमहरुको सिंहावलोकन तथा समिक्षा गर्दै बदलिंदो परिस्थिती र परिवेशसँगै आफ्ना कार्यनिती तथा कार्यक्रमहरुमा पनि पुनर्विचार गर्न आवश्यक देखिन्छ । विगतको १५ बर्षमा सिविसले विभिन्न कार्यक्रमहरु नेपालका विभिन्न क्षेत्रहरुमा सञ्चालन गरिसकेको छ । यस अवधीमा यसले हजारौं बालबालिकाहरुलाई शैक्षिक सेवा उपलब्ध गराउन सफल भएको छ भने सयौं महिलाहरुलाई आथिर्क आय आर्जन तथा जनचेतनाका माध्यमबाट सशक्तिकरण गर्न पनि सफल भएको छ । सिविसका कार्यक्रमहरुको माध्यमबाट केही ग्रामिण भेगमा यातायात, स्वास्थ्य तथा आधारभुत पुर्वाधारको पनि ब्यबस्था गर्न सफल भइएको छ । यस अवधीमा थुप्रै उपलब्धीहरु हात लागेका छन् भने चुनौती र समस्याहरुको संख्या पनि कम रहेका छैनन् ।

नेपाली समाजमा दोखापरेको राजनितिक सामाजिक परिवर्तन तथा सशक्तिकरण एवं नागरिकहरुको चेतनामा भएको अभिवृद्दी, गैरसरकारी संघ संस्थाहरुको बदलिंदो भुमिका र सिविसको आफ्नै संरचना, क्षमता र पहिचानमा भएको विकासका कारण हामीले आफ्नो सामाजिक विकासको अभियानलाई पनि पुनर्मुल्यांकन गर्दै आफ्ना कार्यक्रम तथा परियोजना एवं संस्थागत सुधारका कार्यक्रमहरु सञ्चालन गर्न जरुरी देखिन्छ । त्यसै अर्थमा सन् २००८ देखि लागु गर्ने गरी कार्यनितिक अवधारणा प्रस्तुत गरिएको छ ।

### यस कार्यनितिक अवधारणाका आधारहरु

यस कार्यनितिक अवधारणाका आधारहरु विगतका कार्यक्रमहरुबाट प्राप्त उपलब्धी, भोगेका सिकाइहरु तथा संस्थागत संरचनामा आएको परिवर्तनहरु नै मुख्य हुन् ।

*विगतका कार्यक्रमहरुबाट भएका मुख्य उपलब्धीहरु*

सिविसको पहिचान बनेको घरेलु बाल श्रमको मुद्दा अहिले राष्ट्रिय मुद्दाको रुपमा उठान भइसकेको छ । यसमा कार्य गर्ने गैर सरकारी संघ संस्थाहरु तथा सरकारी निकायको पहलकदमीहरु पनि विस्तारै बढ्दैछ । तसर्थ यस अर्थमा सिविसले आफ्नो विगतका कार्यक्रमहरुको रुपमा परिवर्तन ल्याउन जरुरी छ ।

सिविसले नयाँ मुद्दाहरुको खोजी गर्ने क्रममा बाल यौन दुर्व्यबहार, अनौपचारिक क्षेत्रका महिला श्रमिकहरु तथा यौन कार्यमा संलग्न ब्यक्तिहरु एवं युवा र युवासँग सम्बन्धित विभिन्न मुद्दाहरु अगाडी देखा परेका छन् । जसमध्ये बाल यौन दुर्व्यबहार तथा अनौपचारिक क्षेत्रका महिला श्रमिकहरुको मुद्दामा केही हदसम्म सफलता प्राप्त भइसकेको छ भने अन्य विषयहरुमा थप अगाडी बढ्न जरुरी छ ।

केही बर्ष यता सञ्चालन गरिएको महिला र बालबालिका केन्द्रीत ग्रामिण विकास कार्यक्रम विशेषत समुदाय निसृत विकास कार्य अन्तर्गत ग्रामिण पुर्वाधारका कार्यक्रमहरु धेरै हदसम्म सफल भएका छन् भने त्यसबाट सिक्नुपर्ने कुराहरु पनि त्यत्तिकै रहेका छन् ।

त्यस्तै श्रमका लागि बाल आप्रवसान नियन्त्रण गर्ने कार्यक्रम निकै हदसम्म सफल भएका छन् भने युवाको क्षेत्रमा शुरु भएका कार्यक्रमहरु यद्यपी सिक्ने अवस्थामा नै रहेका छन् ।

संस्थागत क्षेत्रमा हेर्ने हो भने यस अवधीमा संस्थाको राष्ट्रिय अन्तर्राष्ट्रिय पहिचानमा उल्लेख्य वृद्दी भएको छ । संस्थाको पहिचानमा मुलत : बालबालिकाका त्यसमा पनि बाल श्रमका मुद्दाहरुसँग मात्र जोडेर हेरिने गरेको अर्को समस्या पनि छँदैछ ।

संस्थालाई एक स्रोत संस्थाको रुपमा हेर्ने प्रवृत्ति बढीरहेको छ र यो संस्थाको नयाँ पहिचानको लागि अत्यन्त सकारात्मक कुरा हो ।

संस्थाको सञ्चालन प्रणलीहरु नियमसँगत तथा पारदर्शितामा वृद्दी भइरहेको र यसै कारणले समुदायमा तथा सहकर्मी निकायहरुसँग यसको विश्वसनियतामा पनि राम्रो प्रभाव परिरहेको अनुभव गर्न सकिन्छ ।

संस्थाका कर्मचारीहरुमाझ पेशगत दक्षतामा वृद्दी भई ब्यबशायिकतामा आएको प्रभावकारितालाई अर्को उपलब्धी मान्न सकिन्छ ।

*विगतका कार्यक्रमहरुबाट भएका सिकाइहरु*

समुदायमा तथा विभिन्न निकायहरुसँग जनवकालतका कार्यक्रमहरु गरिरहँदा केवल उनीहरुसँग बहस र गोष्ठिमात्र नगरी सेवाका कार्यक्रमहरु नै पनि उनीहरुसँग संयुक्त रुपमा गर्दै जाँदा अन्तत ति जनवकालतका कार्यक्रमहरु सोचेजस्तै सफल हुने गर्दछन् । सिविसले विगत केही बर्ष यता नगरपालिका, सामुदायिक सेवा समिति तथा सामुदायिक प्रहरीहरुसँग सञ्चालन गरिरहेका कार्यक्रमहरुबाट यो प्रमाणित हुन्छ ।

बदलिंदो परिस्थितीमा राजधानी तथा केन्द्रमा क्रियाशिल गैर सरकारी संघ संस्थाहरु स्वयं विभिन्न जिल्लाहरुमा गइ प्रत्यक्ष रुपमा कार्य गर्ने भन्दा स्थानीय तहमा रहेका स्थानीय गैर सरकारी संस्थाहरुको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्दा कम खर्चिलो तथा बढी प्रभावकारी हुन्छ ।

सिविसलाई यसले सञ्चालन गरिरहेका कार्यक्रम मुद्दाहरुमा श्रोत संस्थाको रुपमा लिने गरिएको भए पनि आफैभित्र भने अझ धेरै क्षमता विकास गर्न जरुरी देखिन्छ । यस्ता क्षमताहरु विशेषत अधिकारमुखी कार्ययोजना, जनवकालता, विषयगत क्षेत्रहरु तथा ब्यबहारिक परिवर्तनका लागि सुचना सामाग्रीहरुको उत्पादन र प्रयोग लगायतका क्षेत्रमा आवश्यक देखिन्छ ।

सिविसको नाम र विधानले दिएको कार्यक्षेत्र तथा संस्थाको परिलक्ष्य र रणनितिक निर्देशनहरुको आधारमा पनि संस्था अत्यन्तै धेरै बालबालिकाको क्षेत्रमा मात्र केन्द्रीत हुनपुगेको र महिला, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा अत्यन्तै कम सहभागीता देखिएको छ । यो संस्थाको कमजोर पक्ष हो जसलाई आगामी दिनमा सुधार गर्न जरुरी देखिन्छ ।

त्यस्तै भौगोलिक कार्यक्षेत्रको आधारमा पनि संस्थाका कार्यक्रमहरु अधिकतम शहर केन्द्रीत र शहरी मुद्दाहरुमा मात्र सिमित भएको देखिन्छ । आगामी दिनमा र हाल पनि ग्रामीण भेगबाट संस्थाप्रतिको अपेक्षा, माग र अधिकतम विकास परियोजनाहरु पनि ग्रामिण क्षेत्रमा लक्षित देखिएकोले यसतर्फ ध्यान पुर्‍याउन अत्यन्त जरुरी छ ।

संस्थाको कतिपय कार्यक्रमहरु छोटो समयका र निश्चित आवश्इक अवधीको परियोजना स्विकृत हुन नसक्नाले अनिश्चिततताकासाथ कार्यक्रमहरुको तैयारी र योजना निर्माण गर्नुपर्दा कार्यक्रमहरुमा अनुगमन, प्रभावकारीतामा समस्या आउको देखिन्छ । तसर्थ आगामी दिनमा आवश्यक्तामा आधारित निश्चित अवधीको र आर्थिक रुपले पनि सशक्त कार्यक्रमहरुको निर्माण गर्न र त्यसै अनुसारको श्रोतको खोजि गर्न जरुरी छ ।

वर्तमान संस्थाको कार्यक्रम कार्यान्वयन प्रकृया र संरचनामा अत्यन्तै धेरै कर्मचारी संख्या रहेकोले सबै कर्मचारीहरुतर्फ संस्थाको नेर्तत्वको उत्तिकै ध्यान पुग्न सकेको छैन जसले गर्दा विभिन्न समयमा समस्याहरु आउने, संस्थाप्रतिको स्वामित्वको भावना कम हुने र नेतुत्व र कर्मचारीबिचको दुरी बढ्न गएको देखिन्छ । यसलाई आगामी दिनमा संरचनामा नै सुधार गरी प्रभावकारी बनाउन जरुरी देखिन्छ ।

संस्थाको कार्यसमिति तथा साधारण सदस्यहरुमाझ रहेको क्षमता तथा योग्यता एवं सिपहरुलाई अझै पनि संस्थाले सोचजस्तो उपयोग गर्न सकिरहेको छैन । विगतको तुलनामा कार्यसमिति तथा साधारण सभाहरु ब्ढी सकृय र प्रभावकारी देखिए पनि अझैपनि अपेक्षाकृत सुधार हुन सकेको छैन र मेकानिकल तरिकाले चलिरहको देखिन्छ । तसर्थ कार्यसमिति तथा साधारण सदस्यहरुको उचित ब्यबस्थापन एवं नेतृत्व विकास सम्बन्धि निश्चित योजना निर्माण गरी लागु गर्न जरुरी छ ।

संस्थाको आर्थिक अवस्था अझै पनि सशक्त रहेको छैन । स्थापनाको १५ बर्ष बित्नै लागदा पनि संस्थाको आफ्नै भवन नहुनु सन्तोषजनक अवस्था हैन । यसले संस्थाको जीवन्तता तथा निरन्तरतामा समेत प्रश्न चिन्ह खडा गर्न सक्छ । तसर्थ संस्थाको जीवन्तता र निरन्तरतालाई सुनिश्चित गर्नका लागि भए पनि आगामी केही बर्ष भित्रै संस्थाको आफ्नै भवन निर्माण गर्न आवश्यक योजना निर्माण गरी लागु गर्न जरुरी छ ।

## सन् २००८ देखि २०१० कोलागि कार्यनितिक योजना

### लक्ष्य

महिला, युवा तथा बालबालिकाको मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नका लागि गाउँ तथा शहरमा गरिब केन्द्रीत शिक्षा, सशक्तिकरण तथा जनवकालतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

### उद्देश्य

गरिबीमा रहेका महिला, युवा तथा बालबालिकाहरुको अधिकार प्राप्ती, संरक्षण तथा उपभोगका लागि शैक्षिक तथा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सँगठित गर्ने, आय आर्जन तथा सिप विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न स्थानीय देखि केन्द्रीय तहसम्म नितिगत संरक्षणका लागि जनवकालतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

अत्यावश्यक पुर्वाधाराहरुसम्म पहुंचको सुनिश्चितताका लागि पुर्वाधार विकास कार्यक्रमहरु गर्ने र

सिविस तथा यसका सदस्य तथा कर्मचारीहरुको कार्यक्रम निर्माण सञ्चालन तथा अनुगमन क्षमता विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।

**कार्यक्रमका स्वरुपहरु**

प्रस्तावित कार्यक्रमहरुलाई मुख्यतया दुइ तरिकाले हेर्न सकिन्छ । पहिलो तेर्सो जस अन्तर्गत सञ्चालन गरिने कार्यक्रम तथा गतिविधिहरुलाई दुई मुख्य समुहमा विभक्त गरेर हेर्न सकिन्छ । ति हुन् : सेवामुखी कार्यक्रमहरु र वकालतमुखी कार्यक्रमहरु । सेवामुखी कार्यक्रमहरु अन्तर्गत सबै खाले प्रत्यक्ष रुपमा सेवा प्राप्त हुने जस्तै शैक्षिक कार्यक्रमहरु, ब्यबशायिक सिप विकास तालिम, सँगठन सहयोगहरु, सामाग्री सहयोगहरु, स्वास्थ्य शिविर तथा सेवाहरु, आपतकालिन राहत उद्दार कानुनी सेवा र सहयोग, पुर्वाधार निर्माणका गतिविधिहरु पर्दछन् । त्यस्तै वकालतमुखी कार्यक्रम भन्नाले प्रत्यक्ष सेवा नभई स्वयं अधिकार धारक तथा तिनका सरोकारवालाहरुलाई उक्त सेवा र अधिकारको सुनिश्चितता गर्न सक्षम बनाउने वा त्यसतर्फ उन्मुख कार्यक्रमहरु पर्दछन् । जस्तै : जनचेतनामुलक र्‍याली, गोष्ठी, श्रृजनात्मक कार्यक्रमहरु, क्षमता विकास, सँगठित परिचालन, सार्वजनिक सुनुवाइ, तालिम, कार्यशाला, परामर्श, अध्ययन अनुसन्धान, पत्रकार अन्तर्क्रिया तथा सुचना शीक्षा सामाग्रीहरुको उत्पादन र वितरण आदि ।

दोस्रो ठाडो रुपमा हेर्ने हो भने समुदायस्तरमा सञ्चालन गरिने कार्यक्रमहरु र निति निर्माण तथा कार्यान्वयनको तहमा गरिने कार्यक्रमहरु । स्थानीय टोल, गा.वि.स तथा समुदायमा गरिने कार्यक्रमहरुलाई समुदायस्तरमा सञ्चालन गरिने कार्यक्रमहरु भनिनेछ । जस्तै स्थानीय स्तरमा सञ्चालन हुने सेवा मुखी तथा वकालतमुखी कार्यक्रमहरु । त्यसैगरी केन्द्रीय वा नितिनिर्माण तथा कार्यन्वयनमा तहमा गरिने कार्यक्रमहरु जस्तै जिल्ला, नगरपालिका, केन्द्रीय निकाय आदिलाई लक्षित गरि सञ्चालन गरिने सेवामुखी तथा वकालतमुखी कार्यक्रमहरुलाई निति निर्माण र कार्यान्वयनस्तरमा सञ्चालन गरिने कार्यक्रम भनिनेछ ।

यसलाई सहजताका लागि तल चित्रमा यसरी प्रस्तुत गरिएको छ :



माथीका विभिन्न तह तथा क्षेत्रहरुमा आधारित भएर निम्निलिखत कार्यक्रमहरु सञ्चालन गर्ने :

- महिला, बालबालिका तथा युवाहरुका लागि समुदायमा आधारित गुणस्तरीय शिक्षाका कार्यक्रमहरु ।
- महिला तथा युवाहरुका आर्थिक सशक्तिकरणका लागि व्यबशायिक सिप तालिम तथा शिक्षा र रोजगारी प्रवर्द्धनका कार्यक्रमहरु ।
- महिला, युवा तथा बालबालिकाहरुको सामाजिक हैसियत र सिप विकासका लागि सँगठित परिचालन तथा सामाजिक एवं जिवनोपयोगी सिप विकास सम्बन्धि कार्यक्रमहरु ।
- महिला, युवा तथा बालबालिकाविरुद्द हुने हिंसा, शोषण, दुर्ब्यबहार र भेदभावविरुद्दका सामाजिक जनचेतना अभिवृद्दीका कार्यक्रमहरु ।
- महिला, युवा तथा बालबालिकाविरुद्द हुने हिंसा, शोषण, दुर्ब्यबहार र भेदभावकाविरुद्द कानुनी र नितिगत संरक्षणका लागि अभियानमुलक, क्षमता विकास, तथा दबाबमुलक कार्यक्रमहरु ।
- हिंसा, शोषण, दुर्ब्यबहार र भेदभावबाट प्रभावितहरुका लागि आपताकालिन राहत, उद्दार र सेवा तथा सहयोग र पुनर्स्थापनाका कार्यक्रमहरु ।
- महिला, युवा तथा बालबालिकाको स्वस्थ जीवन प्रवर्द्धनका लागि उपयुक्त स्वास्थ्य सुविधा, अवसर र जानकारीहरु प्रदान गर्ने कार्यक्रमहरु ।

**कार्यक्रम सञ्चालन र कार्यान्वयन अनुगमन तथा मुल्यांकन सम्बन्धि अवधारणा**

कार्यक्रमहरु सञ्चालन गर्दा विगतको सिकाइको आधारमा रही निम्नानुसार सञ्चालन गरिनेछ ।
कार्यक्रमको प्रकृती हेरी सकेसम्म कार्यक्रमहरु सञ्चालन गर्नका लागि स्थानीय सहकर्मी संस्था वा निकाय खोजिनेछ । यस्ता संस्थाहरु संस्थाले उठान गरेका मुद्दाहरुसँग प्रत्यक्ष सरोकार राख्ने वा त्यसलाई प्रभावित गर्न सक्ने निकाय हुनु जरुरी छ । यस्ता समुह, संस्था वा सनकायसँग सहकार्यमा कार्यक्रमहरु गर्दा सम्झौता गरि समन्वय, संयोजन तथा स्थानीय ब्यबस्थापन र परिचालनको जिम्मेवारी ती निकायहरुको भए पनि प्रत्यक्ष रुपमा हुने खर्चहरु भने साझै सिविसले गर्ने प्रकृया अपनाउनेछ । यस हिसाबले हेर्दा कार्यक्रम सञ्चालन प्रकृया स्थानीय साझेदारी जस्तो देखिए पनि वास्तवमा यो सहकार्य मात्र हुनेछ । यसरी सहकार्य गर्दा आफ्ना मुद्दाहरुको पक्षमा सहजतापुर्वक सम्बन्धित सरोकारवालाहरुलाई प्रभावित गर्न सकिन्छ ।

यसरी कार्यक्रम गर्दा स्मबन्धित सहकर्मी निकायको अनावश्यक अपेक्षा तथा चाहना र मागहरु पनि प्राप्त हुन सक्छन् तसर्थ सिविसका कर्मचारीहरु त्यस्ता अनावश्यक मागहरुलाई ठिक तरिकाले सम्बोधन गर्न सक्षम हुनु जरुरी छ । अर्कोतर्फ संस्थाले आफ्नो पारदर्शितालाई भने मुल मन्त्र मानेर कार्य गर्नपर्ने हुन्छ ।

यसखालका् सहकार्य केवल कार्यान्वयनको तहमा मात्र नभइ कार्ययोजना निर्माण, कार्यान्वयन, अनुगमन, मुल्यांकन तथा समिक्षा एवं सामाजिक लेखाजोखाको कार्यमा समेत लागु गरिनुपर्दछ । यस्ता सहकर्मी निकायहरु स्थान र कार्यक्रम परिवेश अनुसार फरक फरक हुन सक्छन् ।

**सिविसभित्रका कर्मचारी संरचना**

यस अवधारणा अनुसार कार्यक्रम सञ्चालन गर्दा कर्मचारीहरुको नियुक्ति स्थानीय तहमा सकेसम्म स्थानीय कर्मचारीहरु नै नियुक्त गर्ने र सहकर्मीहरुको सिफरिशलाई पनि ध्यान दिने प्रयत्न गरिनेछ ।

संरचनागत रुपमा कर्मचारी संरचना यस्तो रहनेछ :




विभिन्न कार्यक्रमहरुको योजना तयार पार्नका लागि संस्थाभित्रका कर्मचारीहरुको क्षमताले मात्र नपुग्ने भएमा आवश्यक्ता अनुसार छोटो समयका लागि सल्लाहकार, परामर्शदाता, श्रोत ब्यक्ति तथा विज्ञहरुलाई पनि नियुक्त गरि कार्ययोजनाहरु सञ्चालन गर्न सकिनेछ ।

**संस्थामा आवश्यक हुन सक्ने कर्मचारी विवरण र संख्या**

| कर्मचारीको पद | संख्या | कैफियत |
|---|---|---|
| कार्यकारी निर्देशक | १ | |
| आर्थिक प्रशाषन ब्यबस्थापक | १ | |
| आर्थिक प्रशाषन शाखाका लागि | ४ | |
| कार्यक्रम संयोजक | २ | |
| कार्यक्रम अधिकृतहरु | | एक जिल्लामा १ अधिकुत हुनेगरी |
| फिल्ड सहजकर्ता | | परियोजना आवश्यक्ता अनुसार |
| विज्ञ,सल्लाहकार, श्रोत ब्यक्ति तथा परामर्शदाता | | परियोजना आवश्यक्ता अनुसार |